स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री सुरक्षा पन्त पेशाले इन्जिनियर पनि हुन् । विभिन्न संस्थामार्फत उनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रोजेक्टमा समेत आबद्ध छिन् । जाजरकोट भूकम्पपछि पन्तले सामाजिक संजालमार्फत उद्दार र राहतमा जुट्न तथा सूचना सम्प्रेषणमा संवेदनशिल बन्न आग्रह गरेकी छन् । एमबीबीएस प्रवेश परीक्षा दिन लामबद्ध विद्यार्थीसहित इन्जिनियरलाई उनको आग्रह छ- 'नेपालमा भूकम्प प्रतिरोधी संरचना बनाउनुको विकल्प छैन । लागिपरौं ।'

आजको विचार...



केशव आचार्य

ऋणको...
(दुई पेजमा)



गत वर्ष अभिनेत्री पूजा शर्मा आफ्नै लगानीमा फिल्म 'रावायण' बनाउने तयारीमा थिइन् । निर्देशकमा सुदर्शन थापालाई लिएर उनले आफ्नो अपोजिटमा अभिनेता अनमोल केसीलाई भित्र्याएकी थिइन् । तर, पछि अनमोलले काम गर्ने मन देखाएनन् र १० लाख पेश्की रकम पनि फिर्ता गरे । त्यसअघि फिल्म 'प्रेमगीत'मा पनि पूजाको जोडी अनमोलसँग बाँध्ने प्रयास भएको थियो । तर, संयोग जुरेन । यसैले पूजालाई 'स्टार'सँग काम गर्न आफूलाई लेखेकै छैन भन्ने लाग्छ । फिल्म 'उपहार'को गीत रिलिज कार्यक्रममा उनले घुमाउरो रुपमा अनमोलप्रति व्यंग्य गरिन् ।

❐ वर्ष २९ ❐ अंक १०४ ❐ २०८० कार्तिक २० गते सोमबार 6 November 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## तीन महिने वर्षाबास सकियो

# तानसेनमा भिक्षुलाई 'कठिन चीवर दान'

रामचन्द्र रायमाझी

**पाल्पा,** कार्तिक १९/बुद्ध धर्मावलम्बीको महत्वपूर्ण पर्व तीन महिने वर्षाबास सकिएको छ । तीन महिना वर्षाबासमा बसेका भिक्षुका लागि गरिने कठिन दानका लागि तानसेनमा 'कठिन चीवर दान' उत्सवको आयोजना गरी वर्षाबासको समापन गरिएको हो ।

दाता ज्ञानमाला संघ आनन्द विहारले विहारमा वर्षाबासमा बसेका ३ जना भिक्षुसहित विभिन्न देशका ३२ जना भिक्षुहरुलाई आइतबार कठिन दान गरेको छ । बौद्ध परम्पराअनुसार विहारले टुँडिखेलमा भिक्षुहरुलाई चीवर दान, अष्टपरिकार दान, धर्म सँगदान गरेको हो । दान गर्नुअघि भिमसेन टोलमा रहेको विहारबाट झाँकीसहित शान्ति पदयात्रा निकालिएको थियो । उक्त पदयात्रा टुँडिखेल, तेस्रो सडक, शितलपाटी, टक्सारटोल, लहरेपिपल हुँदै टुँडिखेलमा पुगेर महोत्सवमा परिणत भएको थियो । शान्ति पदयात्रापछि त्यहाँ कठिन पूजा गरिएको थियो । उक्त अवसरमा प्रमुख भिक्षु अशोक महास्थवीरले धर्मदेशना, भिक्षु मेघनकर महास्थवीरले शील प्रार्थना, अन्तर्राष्ट्रिय परियत्ती उदय विहारका प्रमुख भिक्षु ज्ञानेन्द्र स्थवीरले बुद्धपूजा र अछाम विहारका प्रो.भन्ते पैयासारले पूण्य अनुमोदन गरेका थिए ।



धर्मदेशना गर्दै भिक्षु अशोक महास्थवीरले गौतम बुद्धको उपदेश र उनले अनुमति दिएको 'कठिन चीवर दान'का विषयमा जानकारी गराएका थिए । उनले कठिन उत्सव धार्मिक उत्सव भएकाले यसमा सहभागी हुँदा भिक्षुमा शिल समाधि र प्रज्ञाको विकास हुने र नागरिकमा दान, शिल र भावनाको विकास हुने बताए । महास्थवीरले एक वर्षमा एक दिन एकपटक मात्रै वर्षबासमा बसेका भिक्षुलाई लगाउने बस्त्रसहितका सामग्री दिन सकिने परम्परा भएकाले यसलाई कठिन दान भनिएको जानकारी गराए ।

कार्यक्रमका संयोजक तथा आनन्द विहारका पूर्व अध्यक्ष सर्जुलाल बज्राचार्यले तीन महिना एकै ठाउँमा नियमपूर्वक वर्षाबास बसेका भिक्षुलाई बसमापनको अवसरमा 'कठिन चीवर दान' दिने बौद्ध परम्परा रहेकाले सोही अनुसार चीवर दान गरिएको बताए । उनले विगतमा पनि आफुहरुले यस्ता कार्यक्रम गर्ने गरेको बताए ।

विहारका अध्यक्ष उत्पलकुमार बज्राचार्यले वर्षावास बस्नाले बौद्ध धर्मको मेरुदण्ड विनय कर्म पालन गर्दा नजानेर भए-गरेका त्रुटि कमजोरीबाट पाप नलागि क्षमादान पाउने हुँदा भिक्षु-भिक्षुणी वर्षाबास बस्ने गरेको बताए । उनका अनुसार साउनको पूर्णिमादेखि कार्तिकको पूर्णिमासम्म ३ महिना भिक्षुहरु वर्षाबास बसेका हुन् । भिक्षु पैयासार स्थवीर, भिक्षु सरण र श्रामणेर महिन्द आनन्द विहारमा वर्षाबास बसेका थिए । उनीहरुसहित विभिन्न देशका ३२ जना भिक्षुलाई दान गरिएको थियो । लुम्बिनी, बुटवल, पोखरा, धरान, थाइल्याण्ड, भारत, अछामबाट भिक्षुहरु तानसेन आएका थिए । महोत्सवमा भिक्षुले लगाउने पहेंलोवस्त्र (चिवर) र भिक्षा पात्र दान गरिएको थियो । कसैले अष्टपरिकार दान गरेका थिए । भिक्षुले लगाउने पहेंलो वस्त्र (चिवर) र भिक्षा पात्रलाई चिवर दान भनिन्छ ।

अष्टपरिकारमा भिक्षुका लागि आवश्यक कपाल र दारी खौरने समान, भित्री बाहिरी कपडा, सियो-धागोलगायत ८ सामग्री हुन्छ । चिवर दानपछि भन्तेलाई भोजन दान गरिएको थियो । वर्षावास बस्ने भिक्षुले पुण्य संचय गर्ने जनविश्वास छ । वर्षावासका बेला सा'झ-बिहान ध्यान बस्ने र परित्रान पाठ गर्ने गर्दछन् । त्यस बेला बुद्ध गुन, धर्म गुन, सँग गुन र धर्म देशना गर्दै पूजाआजा गरिन्छ । वर्षावासमा बिहान एक छाक खाना खाने गर्दछन् । सकेसम्म स्थानीय बासिन्दासँग भिक्षा मागेर खाने गर्दछन् । वर्षावास सकिएको एक महिना भित्र कठिन चिवर दान गर्ने प्रचलन रहेको छ ।

## सक्षिप्त समाचार

### ट्याक्सी दुर्घटना, पाँच घाइते




**पाल्पा,** कार्तिक १९/जिल्लाको रम्भा गाउँपालिका-३ सेरास्थित सिद्धार्थ राजमार्गमा ट्याक्सी दुर्घटना भएको छ । आइतबार बुटवलबाट पोखरातर्फ जाँदै गरेको ग १ ज १९७० नम्बरको ट्याक्सी घुम्तिमा अनियन्त्रित भई सडक छेउमा रोकि राखेको ग १ त ५२५० नम्बरको ट्याक्टरमा ठोकिन गई दुर्घटना भएको हो ।

दुर्घटनामा परी ५ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार घाइते हुनेहरुमा चालक पोखरा उप-महानगरपालिका -१५ का ३८ वर्षीय सुरेश, ट्याक्सीमा सवार सोही ठाउँका ७४ वर्षीय धनबहादुर गुरुङ, ७० वर्षीया गंगा गुरुङ, ४० वर्षीय बिनोद गुरुङ, बुटवल उप-महानगरपालिका-१० रामनगरका ७२ वर्षीय भिमबहादुर गुरुङ रहेका छन् । घाइतेहरुलाई उपचारका लागि युनाइटेड मिसन अस्पताल ल्याइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# अस्ताए पाल्पाका शैक्षिक, सामाजिक क्षेत्रका धरोहर केसी



**पाल्पा,** कार्तिक १९/पाल्पाको शैक्षिक, सामाजिक क्षेत्रका धरोहर मीनबहादुर केसीको ७८ वर्षको उमेरमा आइतबार निधन भएको छ । तानसेन नगरपालिका-३ बसन्तपुर निवासी केसीको उपचारकै क्रममा घरमै निधन भएको हो ।


केही समय अघि खुट्टामा समस्यादेखिए पछि उपचारका लागि तत्कालै युनाइटेड मिसन अस्पताल लगिए पनि त्यहाँ उपचार सम्भव नभएकाले क्रिमसन अस्पताल रुपन्देही लगिएको थियो । केसीको एक हप्ता अस्पतालमै राखेर उपचार गरी घर ल्याएको केही समयमै निधन भएको नेपाली काँग्रेसका युवा नेता तथा स्थानीय शंकर भण्डारीले जानकारी दिए ।

केसीको निधनले पाल्पाले शिक्षा क्षेत्रको एक धरोहर मात्र गुमाएको छैन् सामाजिक र राजनीतिक क्षेत्रको एक होनाहार व्यक्तित्व समेत गुमाएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

# कालिगण्डकीमा 'स्टिमर'लाई यात्रु पाउनै मुस्किल

**गल्याङ (स्याङ्जा),** कार्तिक १९/ कालीगण्डकीमा सञ्चालित जलयातायात सेवा 'स्टिमर'ले यात्रु पाउँनै मुस्किल भएको छ । नेपालको सबैभन्दा ठूलो जलविद्युत परियोजना कालीगण्डकी 'ए' मा बाँध निर्माण गरेपछि बनेको जलाशयमा २१ वर्षदेखि जलयातायात सेवा सञ्चालनमा छ । स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७, मिर्मी आँधीमुहानदेखि स्याङ्जा, पर्वत र गुल्मीको संगम सेतीवेणीसम्म साढे सात किलोमिटरको दूरीमा स्टिमरले सेवा दिएको छ ।



यहाँ छ/सातवर्ष पहिले दैनिक पाँचसयदेखि एकहजार यात्रुले स्टिमरमार्फत आवतजावत गरिरहेका थिए । हाल जल यातायात सेवाले यात्रु पाउन छोडेपछि स्टिम्बर व्यवसायी मर्कामा परेका छन् । स्टिमर नचलेपछि धेरैजसो स्टिमर बिग्रएर थन्किएका छन् । कुनै स्टिमरलाई बर्खाको भेलले बगायो भने कुनै स्टिमर टुट्ने, फुट्ने र गल्ने भएका छन् । आँधीघाट र सेतीवेणी घाटका एक सय जनाको संयुक्त लगानीमा शिलाशालिग्राम जलयातायात समिति गठन गरेर २०५९ वैशाखदेखि यहाँ तीन वटा हातेबोट 'डुङ्गा'बाट जलयातायात सेवा सञ्चालन गरिएको थियो । शिलाशालिग्राम जलयातायात प्रालिका संस्थापक अध्यक्ष टीकाराम कुँवरले हातेबोटलाई विस्थापित गर्दै २०६२ सालमा घाग्राघाटबाट पम्पसेट जडित स्टिमर खरिद गरी सञ्चालन गरिएको बताए ।

'स्याङ्जा, पर्वत, गुल्मी र बागलुङका बासिन्दाले स्टिमरलाई भरपर्दो यातायातको साधनका रुपमा प्रयोग गर्दै आएका थिए,' उनले भने, 'विसं २०६२ मा बर्खाको समय कालीगण्डकीमा आएको आँधीले पम्पसेट जडित स्टिमर बगाएपछि हामीले धेरै क्षमताको स्टिमरको खोजी गर्न थाल्यौं ।'

अध्यक्ष कुँवरका अनुसार आँधीमुहानमै इञ्जिन जडित ८० र एक सय जना क्षमताको दुई वटा स्टिमर निमाण गरेर सञ्चालन गरिएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## राहत र उद्धारमा जुटौं

शुक्रबार राती आएको विनाशकारी भूकम्पबाट जाजरकोट र रूकुम पश्चिममा ठूलो मानवीय र भौतिक क्षति भएको छ । सयौं घरहरू भत्किएका छन् । जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर ६ दशमलव ४ रेक्टर स्केलको भूकम्पबाट जनधनको क्षति हुँदा ती दुई जिल्ला शोकमा डुबेको हो । एकातिर आफन्त गुमाउँदाको पीडा छ भने अर्कातर्फ घरबार विहीन हुँदाको पीडाले पीडितलाई पिरोलिरहेको छ । नेपाल प्रहरीका अनुसार भूकम्पमा परी अहिलेसम्म एक सय ५७ जनाको ज्यान गइसकेका छ भने करिब २०० जना घाइते अवस्थामा छन् । क्षतिको जानकारी आउने क्रम जारी रहेकाले भूकम्पबाट मृत्यु हुने र घाइते हुनेको संख्या अझ बढ्न सक्ने छ । भूकम्प पीडितको उद्धार र राहतका लागि सहयोग उपलब्ध गराउने काम पनि जारी छ ।

स्थानीय, प्रदेश र संघीय तीनै तहका सरकारले राहत घोषणा गरेका छन् । भूकम्प प्रभावित क्षेत्र मात्र नभई अन्यत्र प्रदेश र सरकारहरूले पनि सहयोग दिने बताएका छन् । त्यसैगरी विभिन्न सामाजिक व्यक्ति, संस्था आदि पनि सहयोगका लागि जुटेका छन् । तर यतिले मात्र पुग्दैन सबै तह र क्षेत्रबाट राहत र उद्धारमा सक्रियता देखाउन आवश्यक छ । त्यहाँका नागरिकहरु एकातिर आफन्त गुमाएको पीडा अर्कोतर्फ विस्थापित हुनुपर्दा गाँस, बास र कपासकै समस्याले आक्रान्त छन् । उनीहरूले अहिले जीवनकै सबैभन्दा ठूलो पीडा भोग्नुपरिरहेको छ । उनीहरूको पीडा हामी सबै नेपालीको साझा पीडा हो । यो पीडामा सहयोगी मन र हातहरूको खाँचो छ । एउटा नेपालीलाई दुख्दा अर्को नेपालीको मन मुटु पनि दुख्नुपर्छ । यो हामी नेपालीको संस्कार हो । यस्तो विपतिको बेलामा सबैले सहयोगी र हातेमालोको संस्कार देखाउनुपर्छ । यसर्थ बिपद्को यस घडीमा सबै नेपाली एकतावद्ध भएर उद्धार, राहत र उपचारमा जुटौं ।

### Opinion @ Social Network

केही सम्बन्ध त्यस्ता हुन्छन्, जहाँ शासन चलाउँदा भन्दा शासनमा चल्दा नै रमाइलो लाग्ने गर्छ ।


*(कामना पाठकको फेसबुक स्टाटस https://www.facebook.com/kamana.pathak)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ऋणको दलदलले पुँजीको उत्पादन अनुपात घटायो



**केशव आचार्य**

***देशको वार्षिक बजेटको करिब ४० प्रतिशतको हाराहारीमा घाटा बजेट अवलम्बन गर्दिंदै आएको छ । यसै घाटा बजेटलाई परिपूर्ति गर्न सरकारले ऋण र अनुदान लिने हो । हिजो आज सरकारले पाउने अनुदान कमी हुँदै गएकाले सरकार ऋण लिन बाध्य छ, त्यो पनि बाह्य बहुपक्षीय ऋण । पछिल्ला दिनमा अनुदानको अंश न्यून हुँदै गएपछि घाटा बजेटको ठूलो अंश ऋणमा निर्भर छ । बजेट धान्नकै लागि पनि ऋण लिनै पर्छ । सरकारलाई बाह्यभन्दा पनि आन्तरिक ऋण उठाउन सहज हुन्छ । यसरी उठाइएको ऋणमा पनि आन्तरिक ऋणको सीमा तोक्नु जरुरी रहेको अर्थविज्ञले बताइरहेका छन् । वैदेशिक ऋणलाई उत्पादनमूलक क्षेत्रमा र पुँजी निर्माणको क्षेत्रमा खर्च गर्नुपर्ने सरकारको स्पष्ट नीति नभएको कारण ऋण उत्पादनमूलक बन्न सकेन ।***

मुलुकको आर्थिक क्रियाकलाप गतिशील हुन्छ । आर्थिक क्रियाकलापको गतिशीलतामा देशको अर्थतन्त्र चलायमान हुन्छ । देशको राजनीतिक व्यवस्थासँग अर्थतन्त्रको अन्योन्याश्रित सम्बन्ध हुन्छ । अर्थतन्त्रको मजबुतीले नै देशको व्यवस्थालाई सफल बनाउने हो । वास्तविक रूपमा राजनीतिक व्यवस्था आर्थिक सिद्धान्तसँग सम्बन्धित हुन्छन् । राजनीतिक व्यवस्था आर्थिक अनुशासनमा कति खरो छ भन्ने विषयले अर्थतन्त्रको सबलपन निर्धारण गर्दछ । उत्पादनमा जोड दिइन्छ, ऋण उत्पादनका लागि लिइन्छ, रोजगारी सिर्जनाले गति लिन्छ । मानिसले उच्चस्तरीय जीवन जीउन थाल्छन् । सरकारले आफ्ना नागरिकलाई सेवासुविधा उपलब्ध गराउन निरन्तर रूपमा सामाजिक कल्याणका कार्यहरू गरिरहनुपर्छ । यस्ता कार्यहरू गर्न आम्दानी अपुग हुँदा सरकार ऋण लिन बाध्य हुन्छ । वर्तमान समयमा विकास भएका प्रविधि र तिनको उपयोगमार्फत उत्पादन वृद्धि गर्न लगानी बढाउनुपर्छ, लगानीयोग्य पुँजी अभाव हुँदा सरकारले ऋण लिन्छ । लिएको ऋण पुँजीमा परिणत गरिँदा उत्पादन हुन्छ, उत्पादनले रोजगार सिर्जना गरी राष्ट्रिय आम्दानीमा समेत अभिवृद्धि गर्दछ । ऋण अनुत्पादक क्षेत्रमा लगाउँदा यसले तिर्नुपर्ने ब्याज पनि उत्पादन गर्न सक्दैन, ब्याज तिर्न सरकारले पुन: ऋण लिनुपर्ने हुन्छ । यस अवस्थालाई ऋणको दलदल वा धराप भनिन्छ ।

पुँजीगत खर्च कमी हुँदा यसको परिपूर्ति गर्न सरकारले ऋण र अनुदान लिने गर्छ । आर्थिक अनुशासनमा आएको कमी, उत्पादनले गति लिन नसक्नु जस्ता कारणले पछिल्ला दिनमा नेपालले पाउने वैदेशिक अनुदान न्यून हुँदै गयो । सरकार ऋण लिन बाध्य बन्यो तर ऋणको उपयोग उत्पादनमूलक क्षेत्रमा लगाउन नसक्दा ऋणको प्रतिफल प्राप्त हुन सकेन । मुलुकले राजस्वभन्दा खर्चबढी भएको बजेट अवलम्बन गर्दा घाटा परिपूर्ति गर्न सरकारले आन्तरिक र बाफय ऋण लिने गर्दछ । देशको वार्षिक बजेटको करिब ४० प्रतिशतको हाराहारीमा घाटा बजेट अवलम्बन गरिँदै आएको छ । यसै घाटा बजेटलाई परिपूर्ति गर्न सरकारले ऋण र अनुदान लिने हो । हिजो आज सरकारले पाउने अनुदान कमी हुँदै गएकाले सरकार ऋण लिन बाध्य छ, त्यो पनि बाह्य बहुपक्षीय ऋण । पछिल्ला दिनमा अनुदानको अंश न्यून हुँदै गएपछि घाटा बजेटको ठूलो अंश ऋणमा निर्भर छ । बजेट धान्नकै लागि पनि ऋण लिनै पर्छ । सरकारलाई बाह्यभन्दा पनि आन्तरिक ऋण उठाउन सहज हुन्छ । यसरी उठाइएको ऋणमा पनि आन्तरिक ऋणको सीमा तोक्नु जरुरी रहेको अर्थविज्ञले बताइरहेका छन् । वैदेशिक ऋणलाई उत्पादनमूलक क्षेत्रमा र पुँजी निर्माणको क्षेत्रमा खर्च गर्नुपर्ने सरकारको स्पष्ट नीति नभएको कारण ऋण उत्पादनमूलक बन्न सकेन । नेपालमा स्वदेशी तथा विदेशी ऋण लिएर लगानी गर्ने गरिए पनि त्यसको प्रतिफल निकै कम मात्रामा आउँदा त्यसले कतै नेपाललाई पनि कर्जा जालमा पार्ने त होइन भन्ने प्रश्न उठ्न थालेको छ । विज्ञहरूले लिएको ऋणलाई उत्पादन मूलक क्षेत्रमा लगानी गर्न सुझाव दिइरहेका छन् ।

**कति छ ऋण ?**

हालसम्म नेपालको कूल सार्वजनिक ऋण २३ खर्ब ५४ अर्ब ५९ करोड ५१ लाख पुगेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । असोज मसान्तसम्ममा नेपालले ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख आन्तरिक ऋण र ११ खर्ब ७१ अर्ब २ करोड ३१ लाख बाफय ऋण तिर्न बाँकी छ । यसै चालु आर्थिक वर्षको तीन महिना अवधिमा सरकारले ९७ अर्ब ३१ करोड बराबर आन्तरिक र ९ अर्ब ४७ करोड ८० लाख बाफय गरी कूल १ खर्ब ६ अर्ब ७८ करोड ८० लाख बराबर ऋण लिएको छ । अनुदान लिएपछि त्यसको प्रत्यक्ष रूपमा सावाँ ब्याज फिर्ता गर्नुपर्दैन तर ऋणको सावाँब्याजसमेत भुक्तानी गर्दै जानुपर्छ । सरकार निरन्तर रूपमा एकातिर घाटा बजेट अवलम्बन गरी ऋण स्वीकारिरहेको छ भने अर्कातर्फ लिएको ऋणको ब्याज पनि उत्पादन गर्न नसक्ने अवस्थामा पुगेको छ । यसै असोज मसान्तसम्म सरकारले आन्तरिक ऋणको साँवा ४२ अर्ब ८४ करोड १७ लाख र ब्याज १३ अर्ब ७१ करोड ५० लाख ब्याज गरी कूल ५६ अर्ब ५५ लाख ६७ लाख बराबर भुक्तानी गरेको छ । त्यस्तैगरी बाफय ऋणको ८ अर्ब ७० करोड ३६ लाख साँवा र २ अर्ब ४४ करोड ६८ लाख ब्याज गरी कूल ११ अर्ब १५ करोड ४ लाख बराबर भुक्तानी गरेको छ । विविध परिस्थितिका कारण खर्चको तुलनामा आम्दानी हुन नसक्दा सरकारको घाटा बजेटको आँकडा पनि बढ्दै गएको छ । हालसम्म कूल ३ खर्ब ३ अर्ब ६५ करोड ३७ लाख बराबर बजेट खर्च हुँदा राजस्व संकलन भने २ खर्ब ४८ अर्ब २८ करोड ५० लाख बराबर देखिएको छ वा हालसम्म सरकारको आम्दानीको तुलनामा खर्च ५५ अर्ब ६७ करोड बढी देखिन्छ । यसै चालु आर्थिक वर्षका तीन महिनामा सरकारले गरेको पुँजीगत खर्चको तुलनामा सार्वजनिक ऋणको साँवाब्याज भुक्तानी दायित्व करिब तीनगुणा बढी देखिएको छ । सरकारी ऋण वर्षेनी बढ्दै गएसँगै त्यसको साँवा-ब्याज भुक्तानीमा हुने खर्च बढ्दै गएको हो । सरकारले यसै कात्तिक १२ गतेसम्ममा २५ अर्ब ७८ करोड ९० लाख बराबर पुँजीगत खर्च गरेको छ । त्यस्तै असोज मसान्तसम्ममा सरकारी ऋणको साँवाब्याज तिर्न ६७ अर्ब ७० करोड ७१ लाख खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकबाट देखिन्छ । सन् २०२१ को मार्चका विश्व बैंकले सार्वजनिक गरेको तथ्यांक अनुसार सन् २०१७ मा नेपालको राष्ट्रिय ऋण कूल गार्हस्थ उत्पादनको २४.९९ प्रतिशत थियो । सन् २०२१ मा यो अनुपात बढेर ४९.६४ प्रतिशत पुग्यो । सन् २०२४ मा यो ऋण कूल गार्हस्थ्य उत्पादनको ५७.१२ पुग्ने अनुमान गरिएको छ । यसै अनुपातमा ऋणको अंश बढ्दै जाने हो भने प्रतिव्यक्ति राष्ट्रिय ऋण सन् २०२४ सम्ममा १ लाखबाट पनि उकालो लाग्ने देखिन्छ ।

**प्रतिफल के ?**

मुलुकले संघीयता अवलम्बन गर्दा सरकारको संख्या बढ्न पुग्यो । सरकार बढेसँगै खर्चको मात्रामा पनि धेरै वृद्धि भयो । बढेको खर्चलाई धान्ने गरी सरकारले आम्दानीको दायर बढाउन नसक्दा खर्च धान्न सरकार ऋण लिन बाध्य बन्छ । वर्तमान समयमा नेपालमा ७ सय ६१ वटा सरकार (७ सय ५३ स्थानीय सरकार, ७ प्रदेश सरकार र एउटा केन्द्रीय सरकार) रहेका छन् । यी सबै सरकारको मुख्य ध्येय भौतिक विकास गरेर आफ्नो वर्चश्व कायम राख्ने रहेको देखिन्छ । यसका लागि खर्चको अंश ठूलो चाहियो तर त्यो खर्च धान्न गर्नुपर्ने आम्दानीको स्रोतको खोज अनुसन्धान भने हुन सकिरहेको छैन । हिजोआज मुलुकको पुँजी उत्पादन अनुपात निकै कमजोर रहेकाले कर्जा लेन देन गर्दा विचार पुऱ्याउनुपर्ने विषमा अर्थशास्त्रीले सुझाब दिइरहेका छन् । कमजोर संस्थागत संरचना, न्यून श्रम तथा पुँजी उत्पादकत्व लगायत सुशासनमा देखिएको समस्याले पुँजी उत्पादन क्षमता निकै कमजोर छ । नेपालको पुँजी उत्पादन अनुपात ७ रहेको जुन स्वस्थ अर्थतन्त्रका लागि असाध्यै नराम्रो अवस्था भएको विद्वानले बताइरहेका छन् । नेपालमा ७ रुपैयाँ लगानी गर्दा १ रुपैयाँबराबरको पनि पुँजी निर्माण नहुने अवस्था छ । अन्य विकसित देशको पुँजी उत्पादन रेसियो ४/५ हुने गरेको छ । विकसित देशले ४/५ वर्षमा लगानी उठाउँछन् । नेपालले भने ८/१० वर्षमा पनि लगानी उठाउन सक्दैन । यसकारण नेपालले ऋण लिँदा धेरै ध्यान दिनुपर्ने अवस्था छ । अहिलेको खुला अर्थतन्त्रमा नीतिगत भ्रष्टाचार नहुने हो भने ४०-५० प्रतिशत कर्जा लिन सकिने तर पुँजी उत्पादन अनुपात सात भएकाले ऋणसँग डराउनुपर्ने अवस्था छ । साथै हाम्रोजस्तो देशमा विशुद्ध आर्थिक सहायता कम आउने भएकाले शर्तका हिसाबले ऋण सजिलो भए पनि देशको वस्तु स्थिति हेर्दा अहिले नै कर्जाको आकार बढी भएको देखिन्छ । नेपापलमा आवधिक योजना सुरु भएसँगै सरकारले अनुदान र ऋण सहयोग लिन सुरु गरेको हो । सुरुका दिनमा अनुदानको अंश ठूलो र ऋणको अंश सानो हुन्थ्यो तर आजभोलि यसको उल्टो अवस्था देखिन्छ । हाल वैदेशिक ऋणको अंश ८५.७ प्रतिशत र अनुदानको अंश १४.३ प्रतिशत रहेको छ । दोस्रो आवधिक योजनामा सरकारले लिएको ऋणको अंश १०.२ प्रतिशत मात्र थियो । अहिले ऋणको अंश अत्याधिक वृद्धि भइरहेको छ । जुन उत्पादन मूलक क्षेत्रमा उपयोग नगरिँदा आर्थिक उत्पादनमा लगानी निरन्तरता हुँदैन । उपलब्ध स्रोतसाधनको उपयोग, उत्पादन र वितरणका लागि भनेर लिइने ऋण उत्पादनमुखी नहुँदा यसको प्रतिफल न्यून बन्दै गइरहेको छ । वर्तमान समयमा सरकारको ऋण लगभग एक आर्थिक वर्षको बजेट बराबर हुन पुगेको छ । ऋण वास्तवमा केही समय चलाउन लिएको सापटी हो, जुन साँवा ब्याज गरेर तोकिएकै मितिमा तिर्नुपर्छ । ऋणको किस्ता र ब्याज तिर्ने समयमा राष्ट्रले अत्यन्तै सकस व्यहोर्दै आएको छ । ऋणको साँवा-ब्याज तिर्न उल्टै ऋण लिनुपर्ने अवस्था आइरहेको छ । आगामी दिनका लागि यो अवस्था झन् दर्दनाक बन्दै जाने देखिन्छ । वर्तमान समयमा बढ्दै गएको ऋणको अंशले देशको अर्थतन्त्र ऋणको दलदलमा फसिरहेको संकेत गर्दछ तै पनि सरकार मौन छ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । | **तुला** : साथीको सहयोग र हौसला मिल्ने छ । यात्राको योग रहेको छ । |
| **वृष** : चोटपटकको भय छ सचेत रहनुहोला, तर शुभ कार्यको थालनी हुनेछ । | **वृश्चिक** : आज स्वास्थ्यप्रति सजग रहन आवश्यक छ ।मन प्रसन्न रहला। |
| **मिथुन** : आज ठीक समयमा सही निर्णय लिन सकिनेछ । | **धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ । |
| **कर्कट** :सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम भने अधुरै रहला । | **मकर** : काममा सफलता मिल्नेछ । परीवारको सहयोग प्राप्त हुनेछ । |
| **सिंह** : नयाँ योजना बनाउन सकिनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । | **कुम्भ** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ । |
| **कन्या** : साथीको सहयोग र हौसला मिल्नेछ । यात्राको योग रहेको छ । | **मीन** : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ । |

शिक्षा

# लोक शब्दमा शिक्षा




**डा.देवीप्रसाद आचार्य**

विद्वान चार्ल्स रङ्गेल भन्छन्, 'मानिसलाई अज्ञानता र गरिबीसँग लड्न योग्य बनाउने माध्यम शिक्षा हो ।' रङ्गेलले भनेजस्तो हाम्रो देशको सन्दर्भमा शिक्षाले समाजको अज्ञानता र गरिबी हटाएको छ त ? समाजमा अज्ञानता व्यापक छ । विभिन्न प्रकारका रुढीवादी, अन्धविश्वास, चलन, प्रचलन, मूल्य र मान्यताहरु छन् । धामी, झाँक्री, बोक्सी, छाउपडी, घुम्टो, देवकी प्रथा जस्ता चलनहरु जिवित छन् । गरिबी हाम्रो देशको ठूलो समस्या हो । शिक्षाले हरेक शिक्षित व्यक्तिलाई आफ्नो चाहना अनुरुपको पेशागत ज्ञान र सीप सिकाउन नसक्दा विश्वविद्यालयसम्म अध्ययन गरेका शिक्षित युवापुस्ता आफूले प्राप्त गरेका शैक्षिक प्रमाणपत्रहरु घरमा थन्क्याएर वैदेशिक रोजगारको लागि पलायन भएको अवस्था छ । यसरी हेर्दा चार्ल्स रङ्गेलले भने जस्तो शिक्षाले समाजको न त अज्ञानता हटाएको छ न त गरिबी नै ।

लोक शब्दमा पनि शिक्षा आलोचनाको क्षेत्र बनेको छ । कृषि पेशामा संलग्नहरुको गुनासो छ, शिक्षाले छोरा छोरीलाई कृषि उत्पादनसंग जोडिएका कुनै पनि ज्ञान तथा सीप सिकाउन सकेन । राज्यले किसान परिवारका छोराछोरीहरुलाई परम्परागत रुपमा रहेको कृषि र पशुपालन प्रणालीलाइ आधुनिकीकरण, यान्त्रीकीकरण र व्यवसायिकिरण गर्न सक्ने शिक्षा दिएको भए आज शिक्षित जनशक्ति विदेशिने थिएनन् । गाउँहरु उत्पादनमा आत्मनिर्भर बन्न सक्ने थिए । रोजगारीको सिर्जना हुने थियो । पढे लेखेका छोराछोरीहरु रोजगारीको लागि विदेश भासिने थिएनन् । रोजगारीका लागि विदेश गएका आफ्ना छोरा बुहारी घर मै हुने थिए । विश्वविद्यालयसम्म पढाएर स्वदेशमा आयआर्जनका कुनै पनि अवसर नभए पछि साहुबाट ऋण खोजी छोरीछोरीहरुलाई विदेश पठाउन परेको आम नेपालीको समान भोगाई छ । देशका विश्वविद्यालयहरु बेरोजगार जनशक्ति उत्पादन गर्ने कारखानाको रुपमा सञ्चालन छन् । गाउँमा पढे लेखेकाहरु छैनन् । शिक्षितहरुमा न त माटोमा काम गर्ने मन छ न त ढङ्ग नै । अन्तराष्ट्रिय बजारका लागि कामदार उत्पादन गर्ने विश्वविद्यालयहरुमा सरकारले किन लगानी गरिरहेको छ ? देशको शिक्षालाई व्यवसायी, व्यवहारिक तथा रोजगारमैत्री बनाउने कहिले ? अहिले एकातिर शिक्षित जनशक्ति विदेशमा पसिना बगाउन बाध्य छ भने अर्कोतिर गाउँघरका खेतबारीहरु बाँझिएका छन् । नेपालका कृषि विश्वविद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थी इजरायलमा गएर ज्यान गुमाउन बाध्य भए । राज्यले स्वदेशमा नै आधुनिक कृषि फर्महरु खोलेको भए नेपाली विद्यार्थी विदेशमा ज्यान गुमाउनु पर्ने थिएन । लामो समयसम्म त्रिभुवन विश्वविद्यालयमा अध्यापन गर्दै आएका विषय विज्ञ मुक्ति काले भन्छन्, "हाम्रो शिक्षा सिद्धान्त र दर्शनमा आधारित छ । राज्यले शिक्षालाई समय सापेक्ष रुपान्तरण गर्न सकेन । शिक्षालयहरुमा पृथ्वीनारायण शाह, अब्राहम लिङ्कन, महात्मा गान्धी, कालीदास, पाणिनी, देवकोटा, लेखनाथ, भानुभक्तका जीवनीहरु पढाइयो । उनीहरुबाट प्राप्त हुनसक्ने प्रेरणा हस्तान्तरण गर्न सकिएन । शिक्षार्थीलाई सिर्जनसील, अनुसन्धानकर्ता एवम् निर्माणकर्ता बनाईएन । आइन्स्टाइन, न्यूटन, डार्विन, मार्सल, मार्कोनी, ग्यालिलियो, राइट ब्रदर्स् आदि विभिन्न क्षेत्रमा योगदान पुराएका व्यक्ति एवम् व्यक्तित्वहरुले प्रतिपादन गरेका सिद्धान्तहरु कण्ठ गराउने र सोही जमोजिम उत्तर लेख्ने ढाँचाका प्रश्नावलीहरु निर्माणगरी प्रमाण पत्र वितरण गरियो ।" काफ्ले निराश हुँदै भन्छन् 'यस्तो ढाँचाको शिक्षाले विद्यार्थीमा सिर्जनसीलता मर्छ । मौलिकता हराउँछ ।' मुक्तिसरका शब्दहरुमा प्रतिकार गर्ने कुनै शब्द नभेटाए पछि म निशब्द टोलाई रहें । प्रसिद्ध वैज्ञानिक हेलेन केलरको बुझाइमा शिक्षाको उच्चतम सिकाइ सहनशीलता हो । सहनशीलताले मानिसलाई बुद्ध तथा गान्धीरुपी मानवतावादी व्यक्तित्व निर्माण गर्न सघाउँछ । उदार र सहिष्णु बन्न सहयोग गर्दछ । अहिले समाजमा सहनशीलता हराउँदै गएको देखिन्छ । शिक्षित छोराछोरीहरुबाट नै आमा बुवाहरुलाइ बृद्धाश्रममा जान बाध्य बनाईएका समाचारहरु आउने गरेका छन् । विश्वविद्यालयहरुमा शिक्षा दीक्षा दिने गुरुजनहरुलाई कार्यकक्षामा थुन्ने, मोसो लगाउने जस्ता अनैतिक हर्कतहरु हुने गरेका छन् । पछिल्लो समयमा अस्पताल परिसर मै डाक्टरहरुलाई कुट्ने जस्ता कामहरु हुने गरेका छन् । समाजमा सकारात्मक सोचको अभाव छ । डिप्रेसन, सम्बन्ध विच्छेद, पारिवारिक विखण्डन, अविश्वास, दलाली, तस्करी, ठगी, लुटपाट, जस्ता कार्यहरु व्याप्त छन् । अनुशासन, सहिष्णुता, असल आचरण, लोककल्याणकारी चिन्तन जस्ता मानवीय गुणहरु हराउँदै गएका छन् । समाजको यो तस्वीरले हेलेन केलरले भने जस्तो हाम्रो शिक्षाले नागरिकहरुमा सहिष्णु व्यवहार एवम् असल आचरण निर्माण गर्न नसकेको देखाउँछ । शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासको माध्यम हो । सर्वाङ्गीण विकास अन्तरगत कुनै पनि व्यक्ति व्यवसायिक, अध्यात्मिक, सांस्कृतिक, नैतिक, बौद्धिक, सामाजिक, भाषिक, सौन्दर्यात्मक तथा मानवीय गुणहरुले सुसज्जीत हुन आवश्यक ठानिन्छ । शिक्षाले उल्लेखित विशेषताहरुले सम्पन्न नागरिकहरु उत्पादन गर्न सकेको छ त ? नेपाली समाजको वर्तमान अवस्थाले नागरिकहरुमा असल आचरणको अभाव देखाउँछ । हरेक देशको मुख्य सम्पति भनेको त्यहाँका शिक्षित, अनुशासित एवम् कर्मशील नागरिकहरु हुन् । असल तथा सक्षम नागरिकहरुको अभावमा देशको विकास संभव हुदैन । देश विकास हुन सक्दैन । यसर्थ राज्यले राष्ट्रिय शिक्षा प्रणाली, पाठ्यक्रम, पाठ्यपुस्तक, एवम् शिक्षण सिकाइलाई समय सापेक्ष बनाउनु पर्दछ ।

अन्त्यमा, शिक्षाको कार्य व्यापक हुन्छ । अहिले हामी एक्काईसौं शताब्दीको तेस्रो दशकमा हिंडिरहेका छौं । यो शताब्दी विज्ञान र प्रविधिको युग हो । यो युगसंग हिड्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु शिक्षाको कार्य हो । तसर्थ राज्यले तय गरेको शिक्षाको मापदण्ड भित्र ऐतिहासिकता झल्कने (पूर्वीय सभ्यताको शास्त्रार्थले प्रशिक्षित समाज) र आधुनिकता टल्कने (पाश्चात्यले हासिल गरेका वैज्ञानिक उपलब्धीहरुको उपयोगको सीप भएको समाज) निर्माण गर्न आवश्यक हुन्छ । यसको लागि शिक्षाको राष्ट्रिय निती, कार्यक्रम, पाठयक्रम र पाठ्यपुस्तकहरुमा संशोधन, परिममार्जन र परिवर्तन गर्दै शिक्षालाई समय सापेक्ष बनाउन ढिला नगरियोस् ।

-एडुखबर डटकम

# गुणस्तरको कसीमा संस्कृत विश्वविद्यालय

**डा.शान्तिकृष्ण अधिकारी**

विश्वविद्यालयहरूको गुणस्तर त्यहाँको उत्पादनले निर्धारण गर्ने गर्दछ । परीक्षा उत्तीर्ण गरिसकेपछि विद्यार्थीहरूले प्राप्त गरेको सैद्धान्तिक र व्यावहारिक ज्ञानले विश्वविद्यालयको गुणस्तरलाई व्याख्या गरिरहेको हुन्छ । प्रमुख सूचक उत्पादन भए तापनि विश्वविद्यालयमा हुने अध्ययन-अनुसन्धान र त्यहाँ हुने प्राज्ञिक एवं शैक्षिक क्रियाकलापहरू पनि गुणस्तर मापनका सूचकहरू हुन् । साथै विश्वविद्यालयमा कार्यरत प्राध्यापकहरू र कर्मचारीहरूको शैक्षिक योग्यता, प्राज्ञिक दक्षता र लगनशीलताले पनि विश्वविद्यालयहरूको दिशा निर्देश गरिरहेका हुन्छन् । विश्वविद्यालयहरूमा प्रवेश गराइने नयाँ प्राध्यापक तथा कर्मचारीहरूको स्तरले विश्वविद्यालयको भावी अवस्थालाई प्रष्ट चित्रण गरिरहेको हुन्छ ।

नेपालका सबैजसो विश्वविद्यालयहरूको गुणस्तरका बारेमा बारम्बार प्रश्न उठ्ने गरेको छ । प्रायशः विश्वविद्यालयहरू सैद्धान्तिक ज्ञान बाँड्नमै सीमित रहने र कर्मस्थलमा पुग्दा त्यहाँका उत्पादनहरू अन्यौलमा रहनुपर्ने अवस्था अहिलेको प्रणालीले सिर्जना गरिरहेको पाइन्छ । कतिपय शिक्षकहरू विनातयारी कक्षामा प्रवेश गर्ने, २० वर्षअघि तयार गरेको नोट सधैं बाँडिरहने, विद्यार्थीहरू नियमित रूपमा कक्षामा नजाने र परीक्षामा उत्तीर्ण हुन आवश्यक पाठ्य सामग्रीमात्रै पढेर जाने जस्ता कुराहरूले विश्वविद्यालयहरूको गुणस्तर खस्काइरहेका छन् । परीक्षाको केही दिनअघि मात्रै किताब खोलेर जेनतेन उत्तीर्ण हुने मनसाय बोकेका विद्यार्थीहरूको संख्या अधिक हुँदा पनि विश्वविद्यालयहरू खस्किंदै गएका छन् । ज्ञान बाँड्न सक्रिय रहने शिक्षकहरूको कमी उल्लेख्य छ । पिरियड सकेर तलब पकाउने शिक्षकहरूको संख्या बढी भए भने पनि विश्वविद्यालयहरूले प्रगति गर्न सक्दैनन् । विद्यार्थीहरू पनि ज्ञान आर्जन गर्नभन्दा प्रमोसन लक्षित र रोजगार लक्षित पढाइका लागि मात्र विश्वविद्यालय प्रवेश गर्ने गर्दा विश्वविद्यालयहरूको जो मूल उद्देश्य हो सो पूरा हुन नसकेको देखिन्छ । त्यसमाथि नियमित जसो हुने प्राध्यापक, विद्यार्थी र कर्मचारीहरूको आन्दोलन र हड्तालहरूले विश्वविद्यालयलाई गुणस्तरमा फड्को मार्न अवरोध सिर्जना गरिरहेका मात्रै छैनन् कि विश्वविद्यालयहरू कसरी धानिने भन्नेमा नै सीमित हुन पुगेका छन् । अनुसन्धानको पाटो प्रायशः विश्वविद्यालयहरूमा अत्यन्त न्यून छ । अधिकांश शोधग्रन्थहरू कपी पेस्टमा नै पूरा हुने गरेका छन् । प्रसंग अहिले नेपाल संस्कृत विश्वविद्यालयको उठाउन खोजिएको हो । नेपाल संस्कृत विश्वविद्यालयले हालै प्राध्यापक पदका लागि विज्ञापन आफवान गरेर त्यसको पदपूर्ति गरिसकेको छ । सहप्राध्यापक र उपप्राध्यापक तथा कर्मचारीहरूका लागि गरिएको विज्ञापन विविध विवादका बीच मिति सर्दै र सञ्चालित हुँदै आइरहेका छन् र अहिले उपप्राध्यापकका लागि आह्वान गरिएको विज्ञापनको परीक्षा चल्दैछ । प्राध्यापक पदका लागि लिइएको अन्तर्वार्तामा केहीमा प्रश्न उठे पनि अधिकांश सन्तोषजनक नै रफयो तर उपप्राध्यापकका लागि लिइने भनिएको परीक्षामा परीक्षा हुनु अगावैदेखि विवाद उत्पन्न हुन पुगेको विश्वविद्यालय संवेदनशील हुन जरुरी छ । गुणस्तरीय उपप्राध्यापक भर्ती गर्न सकिएन भने विश्वविद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्ने भन्ने कुरा सपनामै सीमित हुन जान्छ । योग्य परीक्षार्थीहरूलाई फालेर नातागोता, सम्बन्धी, राजनीतिक निकटता आदिलाई योग्यताको सूची बनाई उपप्राध्यापकहरू छनौट गरियो भने विद्यार्थीहरूले उपयुक्त ज्ञान प्राप्त गर्ने सम्भावना नै रहँदैन । विगतका केही छनौटहरूलाई हेरेर यसपटक पनि त्यस्तै हुन्छ कि भन्ने आशंका धेरैको मनमा रहेको हुँदा त्यसलाई चिरेर पारदर्शी रूपमा योग्यको छनौट गरेको प्रमाण पेश गर्न सक्नुपर्ने दायित्व नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको काँधमा आएको छ । संस्कृत विश्वविद्यालयले अहिलेसम्म केही गर्नै सकेन भन्ने अतिरञ्जित कुराहरू पनि बाहिर सुनिन्छन् । यहाँका उत्पादनमा गुणस्तरको कुनै संकेत नै भेटिँदैन भनेर संस्कृत विश्वविद्यालय बन्द गराउन चाहनेहरूले अनावश्यक हल्ला चलाएको पनि पाइन्छ । नेपालमा आवश्यक संस्कृतका उच्चशिक्षा प्राप्त जनशक्ति र नेपाली विषयका केही ज्ञाताहरू यही विश्वविद्यालयले आपूर्ति गरिरहेको सबैले देख्दा देख्दै पनि प्रश्न उठाइने गरिएको छ । यो विश्वविद्यालयका उत्पादनले अमेरिका, बेलायत, जर्मनी आदि देशका ठूला विश्वविद्यालयहरूमा अध्ययन, अनुसन्धान र प्राध्यापन गर्दै आइरहेको कुरा समाजकै साम् प्रष्ट छ र पनि विश्वविद्यालयको उत्पादनमा शंका गर्ने गरिन्छ ।

कारण के हो भने चामलमा कालो ढुंगा प्रष्टै देखिए झैं प्रमाणपत्र हासिल गरेको तर आफूले उत्तीर्ण गरेको विषयमा फिटिक्कै ज्ञान नभएको मान्छे छर्लंगै देखिन्छ । उर्लदो खहरे गडगडाए झैं जसको योग्यता छैन उही नै विद्वान् र प्राज्ञ हुँ भनेर जतातत्तै कुर्लदै हिँड्नाले पनि योग्यता भएकाहरूलाई छायाँमा पार्ने गरेको छ । साथै दश जनामा सात जना योग्यता भएका उपप्राध्यापकमा छानिएका भए तापनि तीन जना सोर्सफोर्स वा नातागोताका आधारमा प्रवेश पाउँदा विश्वविद्यालयहरू माथि प्रश्न उठ्ने गरेको छ र त्यही नियति संस्कृत विश्वविद्यालयले भोग्नुपरेको छ । प्राध्यापकहरू माथि समाजको बेग्लै विश्वास थियो । निजामती कर्मचारीहरूले भ्रष्टाचार गरेका समाचारहरू बारम्बार आइरहँदा भ्रष्टाचार गर्ने सम्भावना नै नभएका प्राध्यापकहरू राष्ट्रका गहना जस्तै थिए । जब त्रिभुवन विश्वविद्यालयको सेवा आयोग विवादमा तानियो त्यसपछि भने प्राध्यापकहरूमाथि रहेको समाजको विश्वासमा कमी आएको छ । संस्कृत विश्वविद्यालयको सेवा आयोग भने भाग्यले आजसम्म नतानिएका कारण विगतमा जस्तै केही गडबडी गर्न सकिन्छ कि भन्ने लागेको भए त्यो चाहना अब चाहनामै सीमित गरिदिए हुने भएको छ । आफूभन्दा जेठो विश्वविद्यालयका पदाधिकारी र गड्बड गर्ने प्राध्यापकहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कठघरामा परेको देख्दादेख्दै पनि संस्कृत विश्वविद्यालयको सेवा आयोगले गलत काम गर्ने मनसाय राख्यो भने त्यो उनीहरू आफैंले आफ्नो खुट्टामा बन्चरो हानेको बाहेक केही हुनेवाला छैन ।

कसैले उजुरी हालेमा उत्तरपुस्तिका मगाएर अख्तियार र अदालतले हेर्ने परम्पराको सुरुवात भइसकेको छ । नलेखेको कापीमा नम्बर हालेका, गलत उत्तरमा नम्बर हालेका, केरमेट गरी नम्बर सच्याएका परीक्षकहरू र गलत काम गर्न लगाउने पदाधिकारीहरूले नसिहत पाएदेखि जागिर गुमाएसम्मका कारवाही भएका ज्वलन्त उदाहरण हाम्रा साम् छन् । वरिष्ठ भइसकेका प्राध्यापकहरूले सामान्य लोभमा अयोग्यलाई योग्य बनाएर उपप्राध्यापकमा सफल बनाए बापत् आफू असफल हुन गई पाकिसकेको पेन्सनसमेत गुमाएको अब संस्कृत विश्वविद्यालयको परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्न जाने प्राध्यापकहरूले ख्याल गरेकै हुनुपर्दछ । शंका उत्पन्न गराउने काम केही प्राध्यापकहरू र विद्यार्थी संगठनहरूबाट भइरहेको छ । कतिपय पदाधिकारीका क्रियाकलापले पनि संशय पैदा गरिरहेको छ । कहिले प्रश्नपत्र निर्माणकर्ताको नाम बाहिर आयो भन्ने हल्ला चल्नु, कहिले उत्तीर्ण गराउनुपर्नेहरूको लिष्ट परीक्षापूर्व नै तयार भइसक्यो जस्ता समाचार आउनु, कहिले कुनै अमूक संगठनको सदस्यता लिए उत्तीर्ण भइन्छ भन्ने हल्ला चल्नुले समग्र संस्था नै बदनाम भइरहेको छ । यस्ता हल्लाहरू चल्दै जाँदा निष्पक्ष परीक्षा सञ्चालन गर्छु भन्ने सेवा आयोगलाई पनि बिनासित्तीमा कलंकित हुनु परिरहेको छ । यति हुँदाहुँदै पनि योग्य पन्छाएर अयोग्य भित्र्याउने काम भयो भने नेपाल संस्कृत विश्वविद्यालयलाई कसैले जोगाउन सक्दैन । अयोग्यहरूको हुल भित्रियो भने विश्वविद्यालय धरापमा पर्दछ र आफ्नो र आफू निकट भनेर कापीमा नम्बर हाल्ने प्राध्यापकले पाउने भनेको पेन्सन कारवाहीमा नपरे पनि विश्वविद्यालयको खराब परिस्थितिका कारण नपाउने परिस्थिति निर्माण हुन जान्छ । अयोग्य शिक्षकहरू भएको विश्वविद्यालयमा विद्यार्थी पढ्न आउने त सम्भावना नै रहँदैन । विद्यार्थी नभएको विश्वविद्यालय सरकारले पालेर राख्ने कुरा पनि हुँदैन ।

यतिबेला सबैभन्दा सचेत र सम्वेदनशील हुनुपर्ने वर्ग भनेको प्राध्यापक वर्ग नै हो । अरू व्यवस्थापन जो कसैले गरे पनि उत्तरपुस्तिका परीक्षण प्राध्यापकले नै गर्ने हो । योग्यहरू प्राथमिकतामा परे जस पाउने प्राध्यापकले नै हो । अयोग्यहरूको हालीमुहाली भयो भने अपजसको भागी हुनुपर्ने पनि प्राध्यापकले नै हो । त्यसैले विश्वविद्यालयको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण जिम्मेवारी प्राध्यापककै हुने भएकाले आफू कार्यरत वा आफूले पेन्सन बुझिरहेको विश्वविद्यालयलाई सम्मानित संस्था बनाउन सबैले ध्यान दिनेछन् भन्ने अपेक्षा गरिएको छ । यसपटकको परीक्षामा मुद्दा पर्दैन भनेर कसैले ग्यारेन्टी गर्न सक्दैन । संस्कृत विश्वविद्यालय सानो भएकाले यहाँका उत्पादनका बारेमा पनि एकअर्कालाई सबै थाहा छ । को योग्य छ र को अयोग्य भन्ने पनि सबैको जानकारीमा छ । यदि कुनै अयोग्यको नाम निस्किएमा सेवा आयोग त विज्ञले दिएको नम्बर भनेर पन्छिन सक्दछ तर नम्बर हाल्ने प्राध्यापक उम्कने ठाउँ कतै रहँदैन । त्यसैले जो जति कापी परीक्षणमा जाँदै हुनुहुन्छ, उहाँहरू सबै सचेत प्राध्यापक हुनुहुन्छ भनेर विश्वास गर्दै यो पटकको सेवा आयोगको परीक्षाले संस्कृत विश्वविद्यालयलाई स्वच्छ संस्थाको छवि बनाउन सहयोग गर्नेछ भन्ने विश्वास गरिएको छ । एक सिटमा एकजना मात्रै परीक्षार्थी भए पनि सही उत्तरमा मात्रै नम्बर दिने परिपाटी बसाल्ने पर्दछ । प्राध्यापकले सोच्नुपर्ने भनेको के हो भने म एकजनाको बदनियतले सम्पूर्ण प्राध्यापक वर्ग नै कति बदनाम त हुँदै छैन ? उच्चशिक्षा प्रदान गर्ने व्यक्तिले मनन गर्नुपर्ने कुरा के हो भने कति मेरा क्रियाकलापले कतै उच्चशिक्षा प्रदायक संस्था विश्वविद्यालय धराशायी हुँदै त छैन ? विद्वान् वर्गमा पर्ने भनेर चिनिने प्राध्यापक सम्वेदनशील हुनुपर्ने केमा हो भने कतै मैले दिएको नम्बरले भोलिको नेपालको उज्वल भविष्यमा खुँडा प्रहार त हुँदै छैन ? मलाई लाग्दछ, एक/दुईजना बेइमान भए पनि अधिकांश प्राध्यापकहरू आफ्नो, विश्वविद्यालयको र समग्र देशका बारेमा सोचेर नै काम गर्दछन् ।

-हिमालय टाइम्स डटकम

# मृतकका परिवारलाई तत्काल दुई लाख दिइने



**पाल्पा,** कार्तिक १९/सरकारले जाजरकोट भूकम्पमा परी मृत्यु भएकाहरूको परिवारलाई तत्काल प्रतिमृतक दुई लाखका दरले राहत उपलब्ध गराउने भएको छ । आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले भूकम्पमा परी मृत्यु भएकाहरूको परिवारलाई प्रति मृतक दुई लाखका दरले राहत उपलब्ध गराउने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को बैठकका निर्णय सुनाउँदै सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री रेखा शर्माले मृतकका परिवारलाई तत्काल दुई लाख रुपैयाँ दिने निर्णय भएको बताइन् । सरकारले भूकम्पबाट प्रभावित व्यक्तिहरूको नि:शुल्क उपचार गर्ने पनि निर्णय गरेको छ । सरकारले कोष, उद्धार तत्काल राहत तथा घाइतेहरूको उपचारमा प्राथमिकता दिने साथै भूकम्पबाट विस्थापित भएका परिवारलाई अस्थायी आवास र सुरक्षा प्रबन्ध मिलाउने निर्णय गरेको मन्त्री शर्माले बताइन् । बैठकले छिमेकी देशहरूसहित दातृ निकायबाट औपचारिकरुपमा प्राप्त हुने सहयोगलाई स्वीकार गर्ने निर्णय समेत गरेको छ ।

त्यस्तै श्रोतको संरक्षण र पशुधनको सुरक्षाको व्यवस्था गर्ने, राहत तथा उद्धारमा खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र अन्य कर्मचारीलाई दैनिक खाजा खर्च उपलब्ध गराउने, जाजरकोटलाई आधार मानेर क्षतिग्रस्त संरचनाको पुन:निर्माण कार्य अघि बढाउने, पुन: निर्माण कार्य अघि बढाउँदा भूकम्प प्रतिरोधात्मक संरचना एक वर्षभित्र निर्माण गरिसक्ने निर्णय पनि गरेको छ ।

शुक्रबार मध्यरातमा गएको भूकम्पमा परी जाजरकोट र रुकुमपश्चिममा मात्रै १५७ जनाको ज्यान गइसकेको छ भने डेढ सयभन्दा धेरै घाइते उपचाररत रहेका छन् ।

# अस्ताए पाल्पाका शैक्षिक...

...संस्थागत तथा सामुदायिक दुवै विद्यालयको सुधार नभएसम्म देशमा शिक्षा क्षेत्रको सुधार हुन सक्दैन भन्ने उनको मूल मान्यता थियो ।

उनी जिल्लाकै शैक्षिक इतिहासमा अमूल्य योगदान दिने कर्मशील योद्धा थिए । केसीले नेपाल शिक्षक संघको संस्थापक अध्यक्ष, केन्द्रीय उपाध्यक्ष, सेन माविकाको प्रअ, जनता नमूना मावि लगायतका शैक्षिक संस्थामा कुसलपूर्वक जिम्मेवारी सम्हालिसकेका थिए । उनको जिल्लाको सामाजिक क्षेत्रमा समेत उत्तिकै योगदान रहेको छ ।

केसीले नागरिक समाज, बाकल्याण, रेडक्रस, क्षयरोग, नेत्रज्योति संघ, लायन्स क्लब, सहयोगी समाज बसन्तपुर लगायतका दर्जानौं सामाजिक क्षेत्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याएका छन् । उनी नेपाली काँग्रेसका विभिन्न तह र तप्कामा रहेर समेत काम गर्नुको साथै साहित्यक क्षेत्रमा समेत उत्तिकै सक्रिय थिए । केसी दर्जानौं संघसंस्थाबाट सम्मानित समेत भएका थिए । नेपाली समाजमा केसीले पुऱ्याएको योगदानलाई कसैले भुल्न नसक्ने काँग्रेस युवा नेता भण्डारीले बताए । 'केसीको असामयिक निधनले सिङ्गो पाल्पा नै स्तब्ध भएको छ, पुराना व्यक्तित्व गुमाउनुको पीडा असह्य भएको छ,' भण्डारीले भने । केसी विशेषगरी शैक्षिक, सामाजिक र साहित्यिक क्षेत्रका सम्मानित बौद्धिक व्यक्तित्वको रूपमा स्थापित थिए । 'सदैव आफ्ना रचनात्मक सुझाव, सल्लाहहरू दिएर पाल्पाको शैक्षिक, सामाजिक अभियानको भलाइका पक्षमा वकालत गर्नुहुने उहाँको निधनले पाल्पाली समुदायलाई अपूरणीय क्षति पुगेको छ' नेता भण्डारीले भने । उनको निधनको सन्देश सामाजिक सञ्जालमा फैलिएसँगै उनका समर्थक र शुभेच्छुक शोकमा डुबेका छन् ।

यसबाहेक विभिन्न क्षेत्रका प्रख्यात व्यवसायी र राजनीतिक दल र सम्बद्ध नेताहरूले पनि समवेदना व्यक्त गरेका छन् । उनको आइतबार नै राम्दीमा अन्तिम दाहासंस्कार गरिएको छ । केसीको एक श्रीमती, दुई छोरा र एक छोरी रहेका छन् ।

# कालिगण्डकीमा 'स्टिमर'लाई...

... विगतमा दैनिक दुई सय ५० जनाको हाराहारीमा यहाँ स्टिमर सेवामार्फत यात्रा गर्ने गरेका थिए । कालीगण्डकीमा जलयातायात सञ्चालन भएपछि स्टिमरका ३६ कर्मचारी र आँधीघाट तथा सेतीवेणी घाटका करिब २५ भरियाले रोजगार पाएका छन् । उनले स्टिमरले नियमित ग्राहक पाउन छोडेपछि धेरै कर्मचारी र भरियाले पेसा परिवर्तन गरेको बताए ।

नियमित स्टिमर चल्ने यात्रु नभएपछि कुनै समूह खचाखच ग्राहाकले भरिने आँधीमोहन बजार हाल सुनसान भएको अध्यक्ष कुँवरको भनाइ छ । शिलाशालिग्राम जलयातायात प्रालिका सचिव चन्द्रबहादुर रानाले कालीगण्डकी नदीको वारीपारी लोकमार्ग र कोरीडोर निर्माण भएपछि यात्रुले स्टिमर चढ्न छाडेर बस, जीप लगायतका सवारीसाधन प्रयोग गर्न थालेकाले स्मिर व्यावसायी समस्यामा परेको बताए । 'सडक सञ्जाल नजोडिँदा सेतीवेणीका व्यापारीको मालसामन ढुवानी गर्ने तथा स्थानीयको आवागमन गर्ने गतिलो माध्यम स्टिमर सेवा थियो,' उनले भने, 'सडक सञ्जाल विस्तार भएपछि सेतीवेणी र आँधीमोहन बजार सुकेको छ, अन्य सवारीसाधनमा भाडा सस्तो भएपछि स्टिमर चढ्ने यात्रु घट्दै गएका छन् ।

सचिव रानाका अनुसार बाहिरी जिल्लाबाट शिला शालिग्राम दर्शनका लागि आउने पर्यटकका कारण कहिलेकाहीँ मात्र स्टिमर चल्ने गरेका छन् । 'बर्खामा नदीमा पानीको बहाब धेरै हुने र दुर्घटना हुनसक्ने भएकाले जेठदेखि असार, साउन र भदौ महिनामा सेवा बन्द गर्नुपर्ने बाध्यता छ,' उनले भने । मुक्तिनाथदेखि सेतीवेणी सम्मको बाटोको स्तरोन्नति गरे तथा मुक्तिनाथ दर्शन गर्नेले शिलाशालिग्रामको अनिवार्य दर्शन गर्ने परम्परा यथावत रहेमा बजारसहित स्टिम्बरमा पुन: चहलपहल बढ्ने सचिव राना बताउँछन् । 'लोकमार्ग र कोरिडोर खन्ने क्रममा कालीगण्डकी नदीमा फालिएका ढुङ्गाले पानीको सहत पुरिन गएको छ,' उनले भने, 'नदीमा वर्षौंसम्म भरिएको गेग्रान सफा गरेमा शिलाशालिग्राम दर्शन गर्न पनि सहज हुन्छ ।' *-रासस*


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

# विश्वकप एसिया क्षेत्र छनोटको उपाधि ओमानलाई



**काठमाडौं,** कार्तिक १९/आइसिसी ट्वान्टी २० विश्वकप एसिया क्षेत्र छनोट प्रतियोगिताको उपाधि ओमानले जितेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आइतबार भएको फाइनलमा नेपाललाई सुपर ओभरमा पराजित गर्दै ओमानले उपाधि हात पारेको हो ।

निर्धारित २० ओभरको खेल बराबरीमा टुङ्गिएपछि खेल सुपर ओभरमा पुगेको थियो । सुपर ओभरमा पहिले ब्याटिङ गरेको ओमानले २१ रन बनायो । बाइस रनको लक्ष्य पछ्याएको नेपालले पहिलो बलमा कुशल भुर्तेलको विकेट गुमायो । ओमानका लागि बिलाल खानले दोस्रो बल डट राखे भने तेस्रो र चौथो बलमा नेपालले एक/एक रन बटुल्यो । पाँचौ र छैंटौ बलमा कुशल मल्लले लगातर दुई चौका प्रहार गरे पनि नेपालको जीतका लागि त्यो पर्याप्त भएन र उपाधि ओमानले जित्यो । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा एक सय ८४ रन बनायो । जवाफी ब्याटिङमा उत्रिएको ओमानले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ८४ रन नै बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो । ओमान ओमानका लागि कश्याप प्रजापति ५२ बलमा ३ चौका र ४ छक्कासहित ६३ रन बनाए । कप्तान जिशान मकसुदले १८ बल खेल्दै दुई चौका र एक छक्का प्रहार गर्दै २६ रन बनाए । अकिब इल्यास १९ बलमा २ चौका र ३ छक्कासहित ३३ रन बनाए भने प्रतीक अथावाले सात रन जोडे । नेपालका लागि सन्दीप लामिछाने र करन केसीले दुई/दुई विकेट लिए भने सोमपाल कामी, गुल्शन झा, अविनाश बोहोरा र विवेक यादवले एक/एक विकेट लिए । नेपालको इन्डिसमा गुल्शन झाले २५ बलमा चार छक्का र पाँच चौकाको मद्दतमा ५४ रनको योगदान दिए । नेपालले पाँचौं विकेटका रुपमा गुल्शनलाई गुमाएको थियो । त्यस्तै कप्तान पौडेलले अविजित ५२ रन बनाए । उनले ३७ बल खेल्दै पाँच चौका र दुई छक्काको मद्दतमा ५२ रन बनाए । नेपालले पहिलो विकेटका रुपमा आशिफ शेखलाई गुमायो । छ बल खेलेको आशिफले एक छक्का प्रहार गरे । बिलाल खानको तेस्रो ओभरको चौथो बलमा आसिफ शेख कश्यप प्रजापतिबाट क्याच आउट भएका थिए । त्यस्तै नेपालले दोस्रो विकेटका रुपमा सन्दीप जोरालाई गुमायो । सन्दीपले १० रन बनाए । उनले १३ बलमा एक चौका प्रहार गरे । जिसन मक्सुदको बलमा सन्दीप आउट भएका हुन् । यसैगरी कुशल भुर्तेललाई नेपालले तेस्रो विकेटका रुपमा गुमायो । कुशलले ३१ रन बनाए । उनले २२ बलमा तीन चौका र दुई छक्का प्रहार गरे । उनी अकिब इलियासको बलमा आउट भए । चौथो विकेटका रुपमा अकिब इलियासले कुशल मल्ललाई तीन रनमा आउट गरेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा गिरावट



**पाल्पा,** कार्तिक १९/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा उच्च अंकले गिरावट भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार आइतबार नेप्से परिसूचक २१ दशमलव ४६ अंकले ओरालो लागेर एक हजार आठ सय २६ दशमलव २३ मा सीमित भएको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ३६ अंकले ओरालो लागेर तीन सय ५२ दशमलव ३९ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये एक उपसमूहको शेयर मूल्य उकालो लाग्दा १२ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ । नेप्सेका अनुसार विभिन्न कम्पनीका कूल ३५ लाख ५८ हजार पाँच सय ५४ कित्ता शेयर रु ९७ करोड २३ लाख ६७ हजार दुई सय ७८ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबार रकमका आधारमा नबिल बैंकको संस्थापक शेयर शीर्ष स्थानमा छ । सो बैंकको रु चार करोड ६० लाख ८० हजार बराबरको कारोबार भयो । ग्लोबल आइएमई बैंक रु तीन करोड १७ लाख ७९ हजार आठ सय ७४, एनआइसी एशिया बैंक रु तीन करोड तीन लाख ८० हजार दुई सय १०, हिमालयन डिस्टिलरी रु दुई करोड ८९ लाख ५९ हजार चार सय २४ र नवील बैंक रु दुई करोड ८७ लाख ५२ हजार बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार एनआइसी एशिया लघुवित्त छ दशमलव ९७, तारागाउँ रिजेन्सी होटल पाँच दशमलव ४७, माया खोला हाइड्रोपावर चार दशमलव २५, एशियन हाइड्रोपावर तीन दशमलव ७५ र नेशनल लघुवित्तका लगानीकर्ताले दुई दशमलव ५७ प्रतिशतले कमाएका छन् । हिमालयन लघुवित्त १०, बाराही लघुवित्त सात दशमलव ९८, युनाइटेड आइडीआइ मर्दी हाइड्रोपावर छ दशमलव ७६, नवील ब्यालेन्स फण्ड दोस्रो पाँच दशमलव ७३ र सबैको लघुवित्तका लगानीकर्ताले पाँच दशमलव ५६ प्रतिशतले गुमाएका छन् ।


**स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं**

*कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,*

- स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानि नोक्सानी पुऱ्याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुऱ्याउनु, धम्की दिनु, गाली-गलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुऱ्याउनु,

*यस्ता कार्यहरु कानून बमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई